स्वीकृत मितिः २०७४/१२/१९

प्रथम संसोधन मितिः २०७७/०२/१४

## सूर्योदय नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्वन्धि कार्यविधि,२०७४

स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विशेषज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मुलभुत विशेषतालाई अक्षुर्ण राखि सार्वजनिक निर्माण को क्षेत्रमा पारदर्शिता, स्वच्छता, इमान्दारिता, जवाफदेहीता, विश्वसनीयता तथा भेदभावरहित प्रतिस्पर्धा तथा स्रोतसाधानको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हाँसिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को छ(१०)ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्वन्धि कार्यविधि,२०७४" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुने छ ।

२. **नयाँ इजाजतपत्र सम्वन्धि व्यवस्थाः-** (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूचि–१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस सूर्योदय नगरपालिका कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूचि–५ वमोजिमको योग्यता भए\नभएको सम्वन्धमा सिभिल ईन्जिनीयर\सव ईन्जिनीयर सहितको तिन सदस्य भएको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयकालागि कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म\कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम नगरपालिका को प्रमुख प्रशासकीय अधिकृतले इजाजत-पत्र बापत अनुसूचि–२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूचि–३ बमोजिमको ढाँचामा इजाजत-पत्र प्रदान गर्नेछ ।

(५) इजाजत-पत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुनेः- प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

३. **इजाजतपत्रको अवधि र नवीकरण :-** (१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्यसम्म मात्र मान्य रहनेछ

(२) उपदफा (१) बमोजिम इजाजत-पत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजत-पत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्वन्धित संघीय\प्रदेश\स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित सम्वन्धित नगर कार्यपालिका को कार्यालयवाट अनुसूचि-२ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ। इजाजत-पत्र नविकरण गर्न नगर कार्यपालिकाको कार्यलयमा कागजात पेश गर्दा अनुसूचि–४ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूचि–४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न नगरपालिका वाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पूरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूचि–२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजत-पत्र नवीकरण गरिदिनेछ ।

४. **इजाजत-पत्रको खारेजी :-** (१) देहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ (क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा, (ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठाविवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा, (ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

२) उपदफा (१) बमोजिम इजाजत-पत्र खारेज गर्नु अघि सम्वन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजत-पत्र खारेज भएकोमा नगर कार्यपालिकाको कार्यालयले त्यसको जानकारी सम्वन्धित फर्म वा व्यक्ति वा क्रम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

५. **इजाजत-पत्रको प्रतिलिपि दिने व्यवस्था :-** कुनै निर्माण व्यवसायीले इजाजत-पत्र हराए वा नासिएको कारणबाट इजाजत-पत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूचि–२ बमोजिमको दस्तुर लिई इजाजत-पत्रको प्रतिलिपि दिनु पर्नेछ ।

६. **प्रचलित कानून बमोजिम हुने :-** यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

७. **बचाउः-** यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्वन्धि फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजत-पत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

**अनुसूचि-१**

ईजाजत-पत्रको लागि दिइने दरखास्त

विषय : इजाजत-पत्र पाउँ भन्ने बारे।

श्री सूर्योदय नगर कार्यपालिकाको कार्यालय,
फिक्कल, इलाम ।

यस सूर्योदय नगर कार्यपालिकाको कार्यालयको कार्यविधि ....... बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजत-पत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

**१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको :**

नाम :

ठेगाना :

पोष्ट बक्स : टेलिफोन नं. : फ्याक्स नं. : ईमेल :

**२. फर्म वा कम्पनीको प्रकृति :**

☐ प्राइभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी

☐ एकलौटी ☐ साझेदारी

(कोष्ठमा रेजा लगाउनु पर्नेछ।)

**३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको**

नाम थर :

ठेगाना :

पोष्ट बक्स : टेलिफोन नं. : फ्याक्स नं. : इमेल :

**४. फर्म वा कम्पनीको विवरण**

दर्ता नं. : दर्ता मिति :

अधिकृत पूँजी : जारी पूँजी :

**५. इजाजतपत्र लिन चाहेको वर्ग :** (घ) वर्ग

**६. समूहीकरण हुन चाहेको समूह :**

**७. आर्थिक स्रोतको विवरण :**

| | रकम | वित्तीय संस्था/बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |
| | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

**८. कामदारको विवरण**

(क) प्राविधिक :

(ख) अप्राविधिक :

(ग) अन्य :

प्राविधिक कर्मचारीको सर्टिफिकेटको प्रतिलिपि तथा निजको मञ्जुरीनामा पेश गर्नुपर्नेछ ।

**९. आफ्नो स्वामीत्वमा रहेको निर्माण सम्वन्धि सवारी साधन मेशिनरी औजारको विवरण :**

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामीत्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल इन्जीनियरद्वारा प्रमाणित भएको हुनुपर्नेछ ।

**१०. यस अघि सम्पन्न गरेको कामको विवरण :**

| **सि.नं.** | **निर्माण सम्वन्धि कामको प्रकृति** | **काम गरेको साल** | **रकम** | **ठेक्कादाता कार्यालयको नाम** | **कामको अवस्था (प्रगति%)** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**११. करचुक्ता गरेको प्रमाण कागजात**

क.

ख.

ग.

यस दरखास्त फारममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको नाम :

दस्तखत :

मिति :

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्वन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नुपर्नेछ ।

**अनुसूचि - २**

| क.सं. | निर्माण व्यवसायीको वर्ग | इजाजत-पत्र दस्तुर | इजाजत-पत्र नवीकरण दस्तुर | इजाजत-पत्र नवीकरण थप दस्तुर | इजाजत-पत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | रु. १०००/- | रु. १०००/- | रु. २०००/- | रु. ५००/- |
| | | | | | |

द्रष्टव्यः घ वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्वन्धि कार्यविधि (दोस्रो संशोधन) २०७७ बमोजिम दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र इजाजतपत्र नवीकरण गराउँदा इजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लिखित दस्तुर मात्र तिर्नुपर्नेछ ।

**अनुसूचि - ३**

**सूर्योदय नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**फिक्कल, इलाम ।**

**इजाजत-पत्र**

इजाजत-पत्र नं.

मिति :

घ वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्वन्धि (दोस्रो संशोधन) कार्यविधि २०७७ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ............... स्थित कार्यालय भएको ......... फर्म वा कम्पनीलाई इजाजत-पत्र प्रदान गरिएको छ ।

**इजाजत-पत्र दिनेको**

दस्तखत :

नाम

पद

मिति

कार्यालय

(यस वृत्तभित्र कुन वर्ग लेख्नुपर्ने हो सोही वर्ग लेख्ने)

नवीकरण

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूचि-४

निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| **क्र.सं.** | **आयोजनाको नाम** | **सार्वजनिक निकायको विवरण** | **संयुक्त उपक्रमको नाम (यदि भएमा)** | **शेयर (%)** | **ठेक्का विवरण** | **सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण** | **समयावधि थप (यदि भएमा)** | **Variation को विवरण (यदि भएमा)** | **प्रगति विवरण** | **ठेक्का सम्पन्न विवरण** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नाम : | क) थप समय | क) Variation पछिको Contract Amount | क) सम्पन्न रकम : | क) अन्तिम ठेक्का रकम : | |
| | | | | | | | | | | | |
| | | | | | ख) सम्झौता मिति: | ख) पद | क) नाम | क) Variation को निर्णय गर्ने पदाधिकारीको नाम | ख) सम्पन्न मिति | ख) सम्पन्न मिति | |
| | | | | | | | | | | | |
| | | | | | ग) ठेक्का अवधि | ग) हस्ताक्षर | ख) पद | ख) पद | ग) सम्पन्न % | | |
| | | | | | | | | | | | |
| | | | | | | घ) छाप | ग) हस्ताक्षर | ग) हस्ताक्षर | घ) नाम | घ) नाम | |
| | | | | | | | | | | | |
| | | | | | | | घ) निर्णय मिति | घ) छाप | पद | पद | |
| | | | | | | | छाप | | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | | | |

अनुसूचि–५

"घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजि देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जीनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरण :

(क) ♣ट्रिपर /टयाक्टर (एक थान)

(ख) मिक्सर (एक थान)

(ग) Theodolit \ Level Machine (एक सेट)

(घ) वाटर पम्प ♥(एक थान)

(ङ) ♦भाइब्रेटर (एक थान)

(च) •स्काभेटर वा भ्याकु लोडर (एक थान)

द्रष्टव्य :-

१. उपकरणको नामावली पेश गर्दा ⁾उपकरणको स्वामित्व कम्पनीको नाममा रहेको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पूरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

***

---

♣ (प्रथम संशोधन)कार्यविधि, २०७७ द्वारा संशोधन गरिएको ।

♥ (प्रथम संशोधन)कार्यविधि, २०७७ द्वारा संशोधन गरिएको ।

♦ (प्रथम संशोधन)कार्यविधि, २०७७ द्वारा संशोधन गरिएको ।

• (प्रथम संशोधन)कार्यविधि, २०७७ द्वारा संशोधन गरिएको ।

⁾ (प्रथम संशोधन)कार्यविधि, २०७७ द्वारा संशोधन गरिएको ।